स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय फिल्मको प्रचारका लागि निर्माता निर्देशकले साङ्गीतिक कार्यक्रम गर्न थालेका छन्। यसो गर्दा प्रचार फरक देखिने र दर्शक आकर्षित हुने उनीहरूको बुझाई छ। 'मैझारो'ले पनि पूर्वी नेपालका सहरबाट साङ्गीतिक कार्यक्रम थालेको छ। हास्य कलाकारसमेत रहेका निर्देशक विल्सनविक्रम राईले आफ्नै साङ्गीतिक प्रस्तुतिमार्फत दर्शकलाई हँसाउँदै कार्यक्रम गरिहरेका छन् ।


**आजको विचार...**



सरकारले...

(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



नेपाली चलचित्रका महानायक राजेश हमालको जीवन, सिनेमा यात्रा र समाजप्रतिको योगदान समेटिएको पुस्तक 'महानायक राजेश हमाल : युगदेखि युगसम्म' सार्वजनिक भएको छ। असोज २५ गते (शनिबार) काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठान भवनमा आयोजित एक कार्यक्रममा यो पुस्तक लोकार्पण गरिएको हो। लोकार्पण कार्यक्रममा स्वयं महानायक राजेश हमाल, लेखक यज्ञशपुस्तक सार्वजनिक गरे।

❒ वर्ष ३१ ❒ अंक ८२ ❒ २०८२ असोज २७ गते सोमबार 13 october 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कारखानामा भीषण विस्फोट १६ को मृत्यु

(रासस/एएफपी)

**वासिङ्टन,** असोज २६/अमेरिकी राज्य टेनेसीस्थित एक विस्फोटक कारखानामा भएको भीषण विस्फोटमा १६ जनाको निधन भएको अधिकारीहरूले पुष्टि गरेका छन् । यसअघि बेपत्ता र मृत मानिएका दुई व्यक्तिलाई जीवित पाइएकोले मृतकको सङ्ख्या घटाइएको थियो । शुक्रबार बक्सनोर्ट सहरमा रहेको एक्युरेट एनर्जेटिक सिस्टम्स कम्पनीको स्वामित्वमा रहेको उक्त कारखानामा विस्फोट भएको हो । कम्पनीले सैन्य प्रयोजनका साथै विध्वंसका लागि समेत प्रयोग गरिने विभिन्न प्रकारका विस्फोटक पदार्थ उत्पादन गर्दै आएको छ । विस्फोट यति शक्तिशाली थियो कि यसले प्लान्टको विशाल परिसरमा रहेका भवनहरू पूर्णरूपमा ध्वस्त पारेको, माइलौँ टाढाका घरहरू हल्लिएको र भग्नावशेष हावामा उडिरहेको दृश्यहरू प्रत्यक्षदर्शीहरूले देखेको जनाएका छन् । कम्पनीले जारी गरेको विज्ञप्तिमा उक्त घटनालाई 'एउटा गहिरो दुःखद दुर्घटना' का रूपमा उल्लेख गर्दै पीडित परिवारप्रति संवेदना प्रकट गरेको छ । तर, ब्युरो अफ अल्कोहल, टोबाको, फायरआर्म्स एन्ड एक्सप्लोसिभ्सका वरिष्ठ अधिकारी ब्राइस म्याक्र्यानले 'हामी अहिले पनि विस्फोटको वास्तविक कारण र उत्पत्तिबारे निश्चित नतिजामा पुग्न सकेका छैनौँ' भन्दै अनुसन्धान अझै जारी रहेको जानकारी दिए ।

# आम्दानीको श्रोत बन्दै दुना–टपरी

***चौधरी दम्पतीले दुना टपरी बिक्रीबाट मात्रै मासिक १५ हजार कमाइरहेको उनको भनाइ छ । दुना टपरी आम्दानीको राम्रो स्रोत मात्र नभइ धार्मिक काममा महत्वपूर्ण मानिन्छ । टपरीको प्रयोग धेरै जसो विवाह, व्रतबन्ध, न्वारनलगायतका काममा बढी प्रयोग हुन्छ ।***

रासस

**घोराही, (दाङ),** असोज २६/घोराही उपमहानगरपालिका-४ कि ६३ वर्षीया राधा आचार्यका लागि दुना टपरी गाँस्ने सीप अहिले आम्दानीको स्रोत बनेको छ । छ वर्षअघि दुना टपरी गाँसेर बिक्री सुरु गरेकी उनले यसबाट राम्रो आम्दानी गरिरहेकी छन् ।

वनबाट सालको पात ल्याउने र फुसर्दमा हातैले दुना टपरी गाँस्ने उनको अहिले दैनिकी बनेको छ । उनी घर खर्चका लागि यसैबाट पैसा जुटाउन सकेको बताउन्छिन् । “पहिले आफूसँग पैसा नहुँदा अरुको भर पर्नुपर्दथ्यो, तर अहिले यसबाट आम्दानी हुन थालेपछि सामान्य खर्चका लागि अरुसँग माग्नु पर्दैन”, उनले भनिन् । आचार्यका अनुसार दुना टपरी बिक्रीबाट मासिक ६/७ हजार आम्दानी भइरहन्छ । आचार्यले गाउँघरमा एक सय वटा टपरीलाई पाँच सयमा बिक्री गर्छिन् । बजारमा बिक्री गर्दा भने अलिक सस्तो पर्ने उनको भनाइ छ । दुना भने एक सय वटालाई एक सय २० मा बिक्री गरिरहेकी छन् । वनमा सालको पात



टिप्न श्रीमानले पनि साथ दिनेका गरेका छन् । “शरीर बुढो हुँदै गएको छ, अरु काम गर्न गाह्रो हुन्छ, फुर्सदको समयलाई सदुपयोग गर्ने यो राम्रो अवसर भएको छ, पैसा पनि आउने समय कटाउन पनि सजिलो हुने”, आचार्यले भनिन् । उनले आफैले पैसा कमाउन थालेपछि औषधि किन्न र अरु सामान्य खर्चका लागि सहज भएको बताइन् । विशेष गरी चाड पर्वमा दुना र टपरीको व्यापार राम्रो हुने उनको बुझाइ छ । अचार्य जस्तै घोराही उपमहानगरपालिका-१६ रातामाटाका शान्ति चौधरी र उनका श्रीमान खुशीराम चौधरी पनि दुना टपरी उत्पादन गर्दै आएका छन् । ५१ वर्षिया शान्ति र ५७ वर्षिय खुशीरामले विसं २०६९ बाट दुना टपरी व्यवसाय गर्दै आएका हुन् ।

घरको काम सकेर बचेको समय यो व्यवसायमा उनीहरुको दैनिकी वित्ने गरेको छ । यहाँको साहारा दुना टपरी लघु उद्योगमा स्थानीय १० जना महिला दिदीबहिनीहरुले पनि नियमित रुपमा काम गर्दै आएका छन् । “उद्योगका अध्यक्ष शान्तिले आफूसँगै अन्य दिदीबहिनीहरु पनि जोडिएर आम्दानी गर्दै आएकाले खुशी व्यक्त गर्छिन्”, उनले भनिन्, “अलि गाह्रो भनेको वनबाट पात टिपेर ल्याउँदा हुने गरेको छ ।” तर बजारीकरणका लागि त्यति समस्या नहुने गरेको उनका भनाई छ । चौधरी दम्पतीले दुना टपरी बिक्रीबाट मात्रै मासिक १५ हजार कमाइरहेको उनको भनाइ छ । दुना टपरी आम्दानीको राम्रो स्रोत मात्र नभइ धार्मिक काममा महत्वपूर्ण मानिन्छ । टपरीको प्रयोग धेरै जसो विवाह, व्रतबन्ध, न्वारनलगायतका काममा बढी प्रयोग हुन्छ ।

## सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा,** असोज २६/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कास्की, मोरङ, खोटाङ र काठमाडौंमा भएका छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु भएको हो ।

कास्कीको पोखरा महानगरपालिका-२५ हेम्जास्थित सडकमा स्कार्पियोको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । ग. ३ च ९८१६ नम्बरको स्कार्पियोको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६० वर्षीय आश बहादुर विकको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको फिस्टेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । स्कार्पियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै मोरङको बिराटनगर महानगरपालिका-१४ स्थित सडकमा मोटरसाइकलको ठक्करबाट अर्को एक जना पैदलयात्रीको मृत्यु भएको छ । को.२९ प ८७२६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही महानगरपालिका-१३ बस्ने ३० वर्षीय पूर्ण गुरूङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै खोटाङको खोटेहाङ गाउँपालिका-४ रोक्सिङस्थित सडकमा प्र.१-०२-०४१ प ९९२५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही गाउँपालिका-६ बस्ने २६ वर्षीय प्रदिप बस्नेतको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-११ कपन पैयुटारस्थित सडकमा मोटरसाईकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ । बा.८१ प ७३५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक काठमाडौं कपन बस्ने सोलुखुम्बु खुम्बु पासाङल्हामु गाउँपालिका-१ घर भएका २५ वर्षीय पासाङ निङ्मा शेर्पाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको केएमसि अस्पताल सिनामंगलमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

## पाल्पा उद्योग वाणिज्य संघको ७१ औं साधारण सभा

# 'निजी क्षेत्रको योगदान विना विकास असम्भव'

कृष्ण पोखरेल

**पाल्पा,** असोज २६/नेपाल उद्योग वाणिज्य महासंघका एसोसिएट उपाध्यक्ष हेमराज ढकालले निजी क्षेत्रको योगदान विना विकास असम्भव रहेको छ । पाल्पा उद्योग वाणिज्य संघको ७१ औं साधारण सभा तथा १७ औं अधिवेशनको तानसेनमा उद्घाटन गर्दै प्रमुख अतिथि ढकालले निजी क्षेत्रको योगदान विना नेपालको विकास सम्भाव नहुने बताएका हुन् ।




उनले हरेक राजनीतिक आन्दोलनको नाममा निजी क्षेत्रका व्यवसायीहरु शिकार बन्ने गरेको बताउँदै भदौ २३ र २४ मा भएको आन्दोलनबाट निजी क्षेत्र तहस नहस भएको, देशका अधिकाश स्थानका नाम चलेका व्यवसायहरु खरानीमा परिणत भएकाले निजी क्षेत्रको मनोबल कमजोर भएको बताए । निजी क्षेत्रहरुलाई माथि उठाउन सरकारले ठोस कदम चाल्नु पर्नेमा उपाध्यक्ष ढकालले जोड दिए । साधारणसभामा सरकारले स्वदेशी व्यवसायीहरुलाई विश्वासमा लिन नसकेमा देशको स्थिति अझै विग्रदै जाने उद्योग व्यवसायीहरुले जोड दिएका छन् । पछिल्लो राजनितिक घटना क्रममा भएको आगजनी लुटपाटका घटनाले नेपाली व्यवसायीहरुलाई चिन्तित बनाएको र नेपालको लगानी बन्द गरेर विदेशीने खतरा बढ्दै गएको व्यवसायीहरुले बताएका छन् । सरकारले आगजनी लुटपाटमा संलग्नहरुलाई पक्राउ गरी कानुनी कारवाही नभएमा नेपालका सबै व्यसायी पलायमान हुने अवस्था बढ्दै गएको उद्योगी व्यवसायीहरुले बताएका छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रकोप जोखिम दिवस : तयारीकै सुरक्षाको भरोसा

हरेक वर्ष अक्टोबर १३ का दिन विश्वभर अन्तर्राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण दिवस मनाइन्छ । संयुक्त राष्ट्रसंघले सन् १९८९ देखि यस दिवसलाई मनाउन सुरु गरेको हो । यसको उद्देश्य प्राकृतिक तथा मानवसिर्जित विपद्बाट हुने क्षति न्यून पार्न, जनचेतना फैलाउन र दीगो विकासका लक्ष्यसँग विपद् व्यवस्थापनलाई जोड्नु हो । यस वर्षाको नाराले पनि समुदायको सहकार्य, जिम्मेवारी र जोखिमको पूर्व तयारीलाई मुख्य सन्देश दिएको छ । नेपाल जस्तो भौगोलिक विविधता भएको देशमा विपद्को जोखिम उच्च छ । भूकम्प, बाढी, पहिरो, डुबान, सुख्खा, आगलागी जस्ता प्रकोपहरू बारम्बार दोहोरिने गरेका छन् । जलवायु परिवर्तनले यी विपद्का रूप अझ जटिल बनाइरहेको छ । हरेक वर्ष हजारौं नागरिक प्रभावित हुन्छन्, अर्बौंको सम्पत्ति नष्ट हुन्छ । तर, दुःखद कुरा के छ भने–विपद्पछि मात्र सक्रिय हुने हाम्रो परम्परा अझै परिवर्तन भएको छैन् । जोखिम न्यूनीकरण भनेको पूर्वतयारी, सचेतना, र दीगो संरचनात्मक विकास हो भन्ने कुरा अझै व्यवहारमा उतार्न सकिएको छैन ।

प्रकोप न्यूनीकरणका लागि सरकारले राष्ट्रिय नीति र कानुन निर्माण गरे पनि कार्यान्वयनको गति सुस्त छ । स्थानीय तहहरूमा दैवी प्रकोप व्यवस्थापन योजना बनाइए पनि त्यसको व्यवहारिकता सीमित छ । विद्यालय, स्वास्थ्य संस्था र समुदायस्तरमा तालिम, अभ्यास र जोखिम नक्साङ्कनमा जोड दिनु अत्यावश्यक छ । आधुनिक प्रविधिको प्रयोग, पूर्वसूचना प्रणालीको सुदृढीकरण र स्थानीय समुदायको सहभागिता नै दीगो समाधानका आधार हुन् । विपद्ले विकासलाई ध्वस्त पार्छ, तर तयारीले त्यसलाई न्यून गर्न सक्छ । त्यसैले यो दिवस केवल औपचारिकतामा होइन, चेतना र प्रतिवद्धताको अवसर हो । राज्य, समुदाय र नागरिक सबैको साझा जिम्मेवारी हो प्रकोप अघि नै सचेत, सुरक्षित र सक्षम बन्ने । तसर्थ जोखिम न्यूनीकरणको संस्कृति नै हाम्रो विकासको सुरक्षाको आधार बन्नुपर्छ ।

## Opinion @ Social Network

रिसलाई रोक्न सिक्नुस पिडालाई भोग्न सिक्नुस
समयलाई बुझ्न सिक्नुस गल्तिमा झुक्न सिक्नुस
बाकी कुरा सिकाउनेहरु त हरेक पाईलामा भेटिन्छन् यहाँ ।

*(कमला थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारले पूर्णता पाउनेमा आशंका



डा. गणेशप्रसाद घिमिरे

*सरकार प्रमुख र सरकारका मन्त्री योग्य र क्षमतावान् छन् भन्नेमा नेपालीको अविश्वास पनि होइन । सरकारप्रति युवाले गरेको विश्वासमा यो सरकार खरो उत्रिनुपर्नेमा कसैको शंका छैन । सरकारका मन्त्री सबल छन् । दूरदर्शी छन् । भाषण होइन काम गर्न सिपालु छन् । नेपाल र नेपालीको भविष्यलाई सुरक्षित अवतरण गराउने छन् भन्नेमा विश्वास नेपाली जनताले गरेका छन् । यस सरकारको प्राथमिकतामा फागुन २१ गते हुने संसदीय निर्वाचन नै प्रमुख हो । यसैले सरकारले द्रूत गतिमा काम गर्न सकेन भने सरकारको मात्र होइन देश, देशवासी र नेपालको विश्वसनीयता नै कमजोर हुने निश्चित देखिन्छ ।*

निर्वाचनबाट आएको सरकार लखेटिएर बनेको अन्तरिम हो वर्तमान सरकार । निर्वाचित सरकारविरुद्ध आएको आँधीले बढारेपछि गठन भएको सरकार हो वर्तमान सरकार । निर्वाचित सरकारलाई विस्थापित गर्दै आएको हुनाले यो सरकारका केही प्राथमिक कामहरू रहेका देखिन्छन् । प्राथमिकताका आधारमा गरिने काम नै यो सरकारका केन्द्र हुन् । प्राथमिकतालाई ओझेलमा पार्नेगरी गरिने काम यो सरकारका लागि उपयोगी पनि हुँदैनन् । त्यसैले यो सरकारको आयुमात्र छ महिनाको रहेको छ । प्राथमिकतामा गरिने कामका आधारमा गठित सरकारको काममा लय आउनु आवश्यक मानिन्छ । यदि कामको लयमा सरकार पसेन भने सरकार र सरकारका मन्त्रीप्रति नै नेपालीको विश्वास रहने छैन । प्रजातन्त्र वा गणतन्त्र बलियो हुने आधार निर्वाचित सरकारका माध्यमबाट हो । निर्वाचित सरकारले गरेका सबै काम वैध मानिने आधारका हुन्छन् । सरकार कहिले पनि अवैध हुँदैन । यो राज्यको निकाय हो । राज्यको निकायलाई अवैध भन्ने अधिकार कसैसित पनि छैन तर निर्वाचित र अन्तरिम सरकारमा भने भिन्नता अवस्य नै रहेको हुन्छ । अन्तरिम सरकारले आफूलाई तोकेको कार्य समयमा पूरा गर्न सक्यो भने त्यस सरकारका प्रमुखप्रति जनताको विश्वास दरिलो बनेको हुन्छ । समयमा कामलाई पूर्णता दिन सकिएन भने लोकप्रियताका साथै विश्वसनीय पनि कमजोर हुने गर्दछ । **अपूर्ण मन्त्रिपरिषद् :** अन्तरिम सरकारको प्रमुख नियुक्त भएको एक महिना पनि हुन लाग्यो । सरकारकी प्रमुख पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नियुक्तिसित नेपाली जनताका सपना गाँसिएका छन् । निर्वाचित सरकार भ्रष्टाचारमा लिप्त, आफन्तवादमा समर्पित, विज्ञ र दक्ष जनशक्तिप्रति उदासीन, नेपालमा रोजगार नपाइनु, नेपाली युवा विदेश पलायन भएको तथ्यलाई बाहिर ल्याएर गरिएको आन्दोलनले यो सरकारलाई बाहिर ल्याएको हो । सरकार प्रमुख र सरकारका मन्त्री योग्य र क्षमतावान् छन् भन्नेमा नेपालीको अविश्वास पनि होइन । सरकारप्रति युवाले गरेको विश्वासमा यो सरकार खरो उत्रिनुपर्नेमा कसैको शंका छैन । सरकारका मन्त्री सबल छन् । दूरदर्शी छन् । भाषण होइन काम गर्न सिपालु छन् । नेपाल र नेपालीको भविष्यलाई सुरक्षित अवतरण गराउने छन् भन्नेमा विश्वास नेपाली जनताले गरेका छन् । यस सरकारको प्राथमिकतामा फागुन २१ गते हुने संसदीय निर्वाचन नै प्रमुख हो । अन्य काम यसका भइपरी आउने काममात्र हुन् । त्यसैले सरकारले द्रूत गतिमा काम गर्न सकेन भने सरकारको मात्र होइन देश, देशवासी र नेपालको विश्वसनीयता नै कमजोर हुने निश्चित देखिन्छ । सरकार प्रमुख कार्कीले मन्त्रीमण्डललाई पूर्णता दिन सकेको देखिएन । गठित मन्त्रिपरिषद्ले गरेका निर्णय वैध मानिन्छन् तर सरकारले पूर्णता नपाउनु आफैंमा कमजोरी होइन र ? सरकार प्रमुखलाई दबाब होला । कसलाई बनाउने भन्ने संशय होला ? तर सरकारले पूर्णता पायो भनेमात्र सरकार र सरकारप्रमुखप्रति विश्वासको वातावरण बन्ने निश्चित नै छ । एकातिर आन्दोलनकारीको दबाब सरकारमाथि रहेको तथ्यलाई नकार्न सकिँदैन । दबाबमा परेर गरेका कुनै पनि निर्णय सही हुँदैनन् पनि तर जे जस्तो दबाब भए पनि मन्त्रिपरिषद्ले पूर्णता पाउनुपर्ने देखियो । आन्दोलन गरेर सत्तालाई बहिर्गमन गराउन सजिलो होला तर देशको अवस्था र नेपालको भूगोललाई हेरेर देश चलाउन गाह्रो नै देखियो । जति छिटो ओली सरकार बाहिरियो त्यति सजिलोसित सरकारले पूर्णता नपाउनु नै यसको मुख्य कारण देखियो । विदेशी दबाव पनि खेप्नुपरेको होला ? वा होइन त्यो सरकार नै जानोस् । सरकारले पूर्णता पाएमा यो सरकारले गर्ने काम सहज हुन्थे कि भन्नेमात्र हो । त्यसैले कार्कीज्यू ! सरकारलाई पूर्णता दिन ढिला नगर्नु । सरकारले पूर्णता नपाई गरेका निर्णयले सरकार र सरकार प्रमुखप्रति नै शंका उब्जिने अवस्था आउन सक्छ ।

**निषेध नगरौं :** लोकतन्त्रमा राजनीति स्वच्छ र गतिशील हुनु अनिवार्य मानिन्छ । राजनीति नै गतिहीन भयो भने देशको अवस्था र देशको परिवर्तनमा देशवासी कहिले पनि सन्तुष्ट हुन सक्दैनन् । गठन भएको एक महिना पनि नहुँदै आन्दोलनकारी सरकारका विरुद्ध देखिन थाले किन ? यसको जवाफ नेपाली जनतासित छैन । सरकारले नै यसको जवाफ दिनुपर्दछ । आन्दोलन आँधी हो । आन्दोलनले बढारेर लैजान्छ । बाटोमा जेजस्ता अवरोध आए पनि आन्दोलनको भेलमा बग्ने गरेका हुन्छन् । बगे पनि । २०४६ देखि राजसत्ता चलाएका नेपाली कांग्रेस र नेकपा एमाले भेलमा बगे । २०६२ को आन्दोलनपछि आएको नेकपा माओवादी पनि बग्यो । बगेन राष्ट्रिय स्वतन्त्र पार्टी तर हतारमा उक्त पार्टीले आफ्ना अध्यक्षलाई कारागारबाट बाहिर ल्याउन गरेको प्रपञ्चले उक्त पार्टीको छबि पनि बिग्रिएको देखियो । सांसददेखि गाउँ, शहरका कार्यकर्ताले आफूले पार्टी छोडेको घोषणा गरिरहेको देखियो । अतः नेपालका सबै राजनीतिक दलको भविष्य आन्दोलनको बहावमा बगेको छ । उठ्नु छ ती पार्टीहरू । जुर्मुराउन थालेका छन् । उठ्लान पनि । उठेनन् भने ती पार्टीको भविष्य नेपालको राजनीतिमा कमजोर हुने देखियो । विसं २०८२ भदौ २३ गते भएको नरसंहारलाई लिएर आन्दोलनकारी तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई कानुनका कठघरामा उभ्याउन उद्दत देखिएका छन् । उनीहरूको पहिलो शर्त नै यही बनेको छ अहिले । आन्दोलनमा मानवीय क्षति धेरै भयो । नहुनुपर्ने भयो तर त्यसलाई नै आधार मानेर तत्कालीन सरकारका आधिकारिक व्यक्तिलाई पक्राउपुर्जी जारी गरेर जेल हाल्छु भन्नु पुनः मुठभेड निम्त्याउनु शिवाय केही हुने छैन । आन्दोलनमा लागेका नारा तेरो छोरो गाडीमा हाम्रो छोरो खाडीमा थियो । भ्रष्टाचारले थलिएको नेपाललाई भ्रष्टाचाररहित बनाउनु थियो होइन र ? तर, निषेधको राजनीतिले कहिले कसैको हित गर्दैन । ती व्यक्ति जसले नरसंहार निम्त्याएर देशका युवाको ज्यान लिए आउँदो निर्वाचनमा पराजित गरे भयो नि होइन र ! तातै खा जली मर नगर्दा उपयोगी नै होला ? नेपालका राजनीतिक पार्टीका व्यक्ति सबै भ्रष्टाचारी छन् भन्ने होइन । इमानदार र कर्तव्यनिष्ठ पनि छन् । तर ती कहिलै पदमा पुगेनन् र सत्ताका मतियार भएनन् । त्यसैले निषेधको राजनीतिलाई त्यागेर अघि बढ्दा राम्रो हुने देखिन्छ । गणतन्त्र जहिले दलीय व्यवस्थामा विश्वास गर्दछ । दलीय व्यवस्थाबाहेक स्वतन्त्ररूपमा उठेर सरकारको नेतृत्व गर्नसक्ने आधार हुँदैन । आन्दोलनकारीहरू आउँदो निर्वाचनमा केन्द्रित हुनु अनिवार्य देखिन्छ । राजनीतिक पार्टी दर्ता गरेर अघि बढ्ने वा कुनै राजनीतिक दलमा सामेल हुने यो जिम्मा तिनीहरूको नै हो । तर, स्वतन्त्र उठ्दैमा सरकारको नेतृत्व गर्न सकिन्छ भन्ने विश्वासमा नरहनु नै आजको आवश्यकता हो आन्दोलनकारीलाई । नेपालको राजनीति दलविहीन अवस्थामा गतिशील हुन सक्दैन । त्यसैले आजको पुस्ता देशमा रूपान्तरण ल्याउन चाहन्छ भने सक्रिय राजनीतिमा हामफाल्नु अनिवार्य मानिन्छ । मञ्चमा चर्का भाषण गर्ने, कारबाही गर्छौं भन्ने र सत्ताको साँचो हाम्रो हातमा छ भन्दैमा राजनीतिमा परिवर्तन सम्भव हुँदैन । निर्वाचनको प्रक्रियामा सहभागी हुनु अनिवार्य मानिन्छ ।

सामाजिक सञ्जाल वा सञ्चारमाध्यम विदेशी हस्तक्षेप भयो भन्दै कुर्लिरहेका छन् । यदाकदा राजनीतिक दलका नेता पनि यो आन्दोलनमा विदेशी हस्तक्षेप खुला रूपमा भयो भनेर भाषण गर्न थालिसकेका छन् । के वास्तवमा नेपालको राजनीतिमा विदेशी हस्तक्षेप भएकै हो त ? नेपालको राजनीति खेल मैदान नबनोस् । नेपालका नेता वा राजनेताले कहिले पनि आफूलाई स्वतन्त्ररूपमा राख्न सकेको देखिएन । कहिले कसको दबाब त कहिले कसको दबाब झेलिरहेका छन् तर देशको अवस्थामा केही हदसम्म विकास नभएको पनि होइन । अहिलेको आन्दोलनको मुख्य कारक विदेशी चलखेल हो भने नेपालको राजनीतिमा सुधार हुने संकेत देखिँदैन । नेपाल विदेशी राजनीतिको क्रिडास्थल नबनोस् । नेपाल स्वतन्त्र, स्वायत्त र सार्वभौमसत्ता सम्पन्न मुलुक हो । यसको पहिचान यही अवस्था रहन सक्यो भनेमात्र देशको अवस्थामा सुधार हुनसक्ने देखिन्छ । कमजोर र गरिब देशको राजनीतिमा हस्तक्षेप हुने गर्दछ । त्यो स्वाभाविक पनि हो । तर देशको सत्ता नै परिवर्तन गर्नेगरी गरिने हस्तक्षेपले देशको हित भने गर्दैन । गत भदौमा भएको आन्दोलन पनि विदेशी रणनीतिमा चलेको हो भने त्यो आन्दोलनको कुनै अस्तित्व र औचित्य छैन । आन्दोलन भयो । सरकार ढल्यो । अब सकिएन र ! तर नेपाली जनता साँच्चि नै राजनीतिक दलका केही नेताले गरेको गलत शासनविरुद्ध उत्रेका हुन् भने नेपाललाई विश्वसामु चिनाउनु अनिवार्य मानिन्छ । बन्द होस् विदेशी हस्तक्षेप । नेपालको विकास नेपालीले नै गर्न सक्छन् भन्ने उदाहरण नेपाल बनोस् भन्ने कामना । वर्तमान अन्तरिम सरकारले छिटो पूर्णता पाओस् भन्ने शुभकामना पनि ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रगतिले मन रमाउनेछ । बन्धु बान्धवहरूबाट सहयोग प्राप्त हुनेछ। | **तुला** : कार्यक्षेत्रमा बाधा आउनेछ। कार्यक्षेत्रमा बोलीको विपरीत अर्थ लाग्नेछ। |
| **वृष** : रोकिएका कार्य पुनः प्रारम्भ हुनेछन्। कार्य प्रारम्भ गर्ने अवसर मिल्नेछ। | **बृश्चिक** :सामाजिक कार्यमा मन जानेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ |
| **मिथुन** : स्वास्थ्यलाई लिएर सावधान र हनुहोला। कानुन विपरीत कार्य नगर्नुहोस्। | **धनु** : कार्यसम्पादन गर्न सक्नुहुनेछ। दाम्पत्य जीवनमा सुखमय समय बित्नेछ। |
| **कर्कट** : अरुलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। प्रभुत्व जमाउन सकिनेछ। | **मकर**: सहयोगीहरूले राम्रो साथ दिनेछन्। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **सिंह**: प्रतीक्षा गरेको कार्य प्रारम्भ हुनेछ। परिवारमा राम्रो वातावरण सिर्जना हुनेछ। | **कुम्भ** : न्यायिक कार्यमा सफलता मिल्नेछ। विपरित वर्गप्रति आकर्षण बढ्नेछ। |
| **कन्या** : तीर्थस्थलहरूमा यात्राका योग छन्। शैक्षिक क्षेत्रमा प्रगति हुनेछ। | **मिन** : टिकटिप्पणी होला सावधान रहनुहोस्। चिताएका कार्य सम्पादन गर्न सक्नुहुनेछ। |

## शिक्षा

# शिक्षक कर्मचारीले तलबै पाएनन्



सप्तरीको खडक नगरपालिकामा कार्यरत शिक्षकहरूले चालु आर्थिक वर्षमा तलब नपाएको विरोधमा नगरपालिका कार्यालयको मूलगेटमै बुधबार तालाबन्दी गरेका छन् । नगर प्रमुख जयप्रकाश चौधरीले दशैँ अगाडि नै तलब भत्ता निकासा गरिदिने दिएको आश्वासन अनुसार अहिलेसम्म कुनै प्रकारको पहल नगरेको कारण तालाबन्दी गर्न बाध्य भएको शिक्षक धर्मराज सिंहले बताए । दशैँको मुखमा तलब भत्ता दिने अवस्था नदेखिएपछि असोज २ गते शिक्षकहरुको विरोध जनाउँदा नगर प्रमुखले शिक्षक तथा कर्मचारीलाई तलब भत्ता खुवाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने दिएको आश्वासन झुटो भएको अर्का शिक्षक कुलानन्द साहले भने । अहिलेसम्म प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको छैन । यस सम्बन्धमा जिल्ला प्रशासन कार्यलयलाई समेत जानकारी गराउँदा पनि तलब भत्ता निकासा सम्बन्धी कुनै सुनुवाई नभएपछि तालबान्दी गर्न बाध्य भएको उनले बताए । केही दिनअघि शिक्षामन्त्री महावीर पुनले तलब नदिने प्रधानाध्यकलाई कारबाही गर्छौं भनी दिएको अभिव्यक्तिका कारण विद्यालयमा शिक्षकहरुले तलब दिनुस् नभए कारबाही हुन्छ भनी धम्काएपछि विद्यालयमा बस्ने, पढाउने, शिक्षकलाई शिक्षण कार्यमा लगाउने वातावरण नरहेकोले विद्यालयको पठपाठन ठप्प पारेर आन्दोलन गर्न विवश भएको प्रधानाध्यापकहरुले बताए । पालिका तालाबन्दीपछि १५ जना शिक्षकहरूले जारी गरेको संयुक्त विज्ञप्तिमा आर्थिक वर्ष २०८२/८३ को तीन महिना बित्नलाग्दा पनि तलब भत्ता नपाएको भन्दै आक्रोश व्यक्त गरेका छन् । विज्ञप्तिमा भनिएको छ, " तलब निकासा सम्बन्धी कुनै प्रक्रिया अगाडि बढाएका छैनन् । हामी शिक्षकहरू विद्यालय सञ्चालनका लागि निरन्तर सक्रिय रहँदै आएका छौँ तर बिना तलब भत्ता घरपरिवारको गर्जो कसरी टार्ने भनी प्रश्न गरिएको छ । नगरपालिकाले लापरबाही गरेका कारण जीविकोपार्जनमै कठिनाइ भएको छ ।" शिक्षकहरूले तलब भत्ताका लागि पटक-पटक नगरपालिकामा धाउने गरेको तर कुनै सुनुवाइ नभएको आरोप लगाएका छन् । उनीहरूले तत्काल तलब उपलब्ध नगराइए सम्पूर्ण विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गर्ने चेतावनीसमेत दिएका छन् । विज्ञप्तिमा उल्लेख छ, "तलबविहीन अवस्थामा शिक्षकहरूलाई कक्षा सञ्चालन गर्न बाध्य पारिनु अमानवीय व्यवहार हो । पालिकाले तत्काल तलबको व्यवस्था नगरेसम्म पठन-पाठन सञ्चालन हुन सक्दैन ।! शिक्षकहरूले सो मागबारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ दिएर ध्यानाकर्षण गराएका छन् । शिक्षक तथा कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुलाई कार्यालय प्रवेशमा रोक समेत लगाएको छ । प्रमुख प्रशासकीय अधिकृतलाई शिक्षकहरुले बाटोमै रोकेर तलब उपलब्ध गराउन माग गर्दै अभद्र व्यवहार गर्न खोजेका थिए । सो सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत विनय सोनुले शिक्षक तथा कर्मचारीको तलब भत्ता खुवाउन २४ घण्टै तयार रहेको तर अहिलेसम्म मेयरले अख्तियारी नै नदिएको बताए । यता सो सम्बन्धमा नगर प्रमुख जयप्रकाश चौधरीसँग पटक पटक सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन ।

*-हाम्रा कुरा डटकम*

# पूर्वविद्यार्थीद्वारा विद्यालयलाई शैक्षिक उपकरण सहयोग



म्याग्दी मालिका गाउँपालिका-५ मगरदाङ्गमा रहेको गौबोमबस्त माविलाई विदेशमा बसोबास गर्ने पूर्वविद्यार्थीहरुले आठ लाख ५० हजार मूल्य बराबरको शैक्षिक उपकरण सहयोग गरेका छन् । प्रवासी दङ्गाले मञ्चले पितृ स्मृति सेवा कोषमार्फत आइतबार १३ थान कम्प्युटर, चार थान ब्याट्री, दुई थान सिसिटिभी क्यामेरा र दुई थान नेटवर्किङ स्वीचलगायत उपकरण सहयोग गरेको जनाइएको छ । रोजगारी, पेसा व्यवसाय र अध्ययनको सिलसिलामा देशका विभिन्न सहर तथा विदेशमा पुगेका पूर्वविद्यार्थी तथा मगरदाङ्ग जन्मथलो भएकाहरु आवद्ध मञ्चले कोष स्थापना गरेको हो । मञ्चका अध्यक्ष घनबहादुर फगामी, सचिव तथा म्याग्दी प्रवासी नेपाली मञ्च (मोना)का कोषाध्यक्ष नरेन्द्र फगामी, पूर्ववडाध्यक्ष पिपला बुढालगायतले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तुलप्रसाद बुढाथोकी र प्रअ अमृत बूढाथोकीलाई सामग्री हस्तान्तरण गरेका थिए । कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा २४ वटा कम्प्युटर पुगेका छन् । थप १० वटा कम्प्युटर थप गरेर कम्प्युटर कक्षा सञ्चालनको तयारी गरिएको विद्यालयले जनाएको छ । विद्यालयले गरेको प्रस्तावअनुसार विभिन्न ठाउँमा रहेका पूर्वविद्यार्थी तथा प्रवासी मगरदाङबासीबाट नगद सङ्कलन गरेर उपकरण खरिद गरी उपलब्ध गराइएको मञ्चका सचिव फगामीले बताए ।

*-रासस*

# शिक्षामन्त्री महावीर पुनका तीन निर्देशन

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले शिक्षासम्बन्धी कामको प्रभावकारिता बढाउन मन्त्रालय मातहतका निकायहरूलाई निर्देशन दिएका छन् । पुनले बुधबार बसेको बैठक र दिएको निर्देशन भन्दै तीन बुँदा सार्वजनिक गरेका हुन् । उनले लेखेका छन् नास्टमा २ घण्टासम्म छलफल र ल्याबहरू अवलोकन गरियो । ३७ करोड बजेटमा २७ करोड रुपैयाँ प्रशासनिक र १० करोड रुपैयाँ अनुसन्धान र नवप्रवर्तनमा छुट्टाएको रहेछ । नास्टलाई उच्चकोटीको अनुसन्धान केन्द्र कसरी बनाउने भन्ने कुराको सुझाव त्यहाँ कार्यरत सबैलाई यही हप्ता भित्र दिन सबैलाई निर्देशन दिएको छु । भवन र ल्याबहरू उच्च कोटीका छन् । भवन र ल्याब अनुसारको उच्चकोटीको काम हुनु पर्ने कुरामा जोड दिएँ । दोस्रो निर्देशनमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रसँग सम्बन्धित छ । शिक्षकहरूको दरबन्दी मिलान, विद्यार्थी सङ्ख्या ज्यादै न्यून रहेको विद्यालयहरू मर्ज कसरी गर्ने, विद्यालयमा योग्य र सक्षम प्रधानाध्यपकहरुको नियुक्ति गर्न देशै भरि लागु हुने गरी कार्यविधि बनाउने, अनलाइन सिकाइको लागि डिजिटल शैक्षिक सामाग्रीहरू निर्माणमा जोड दिन कार्यक्रम बनाउने निर्देशन दिएको पुनको भनाइ छ । साथै पाठ्यक्रम विकास केन्द्रसँग पनि बुधबार नै छलफल भएको र सामुदायिक तथा संस्थागत विद्यालयहरूको पाठ्यक्रमको विकास गर्दा ज्यादै नै गम्भीर भएर काम गर्नु पर्ने, पाठ्यक्रमको परिमार्जन र अध्यावधिक समयमा गर्ने, मातृभाषाको पाठ्य पुस्तकहरूको विकासमा सहयोग गर्ने, पाठ्यपुस्तकमा नैतिक शिक्षा, व्यावहारिक शिक्षा, इतिहास, संविधान सम्बन्धी ज्ञान दिने कुरालाई उच्च प्राथमिकता दिन निर्देशन दिएको पुनले उल्लेख गरेका छन् ।

*-रातोपाटी डटकम*

# जेन-अल्फालाई कस्तो शिक्षा दिने ?

समाजशास्त्री कार्ल मानहेम भन्छन् – मानव इतिहासको समयरेखाको कुनै विशिष्ट बिन्दुमा त्यसै पिँढीका मानिसहरूले त्यस समाजको भावना, दृष्टिकोण र चेतना निर्धारण गर्छन्। त्योभन्दा अगाडि वा पछाडिका पुस्ताहरू त्यस बिन्दुका सामाजिक चरित्रसँग पूरा मेल खाँदैनन् । त्यस्तै भविष्यवादी शेरी टर्कल भन्छिन् – प्रविधि विशेषले हाम्रो भौतिक विकास मात्र परिवर्तन गर्ने होइन, त्यसले त 'हामी को हौं' भन्ने परिभाषा नै फरक पार्छ । पानीको धार जस्तै सामाजिक संरचनाहरू पनि निरन्तर परिवर्तन हुन्छन् । यही चलायमान सामाजिक गतिशीलताले समाजका नियम, व्यवहार, मान्यता र अपेक्षाहरूलाई यसरी परिवर्तन गर्छन् कि, अघिल्ला पुस्तालाई त्यो गतिशीलता अनुभूतिका लागि समय नै पुग्दैन । उल्लेख्य के छ भने, यो गतिशीलतालाई विज्ञान प्रविधि र सूचनाले अझै तीव्रता दिएको छ। हामी आफैले यसलाई अनुभव गर्न सक्छौं, दुई-तीन दशकअघिको समाज आजको भन्दा वस्तुगत रूपमा भिन्न छ । साधारणतया १५ देखि २० वर्ष वा औसतमा १७ वर्षको अन्तरालमा पुस्तान्तरको फरक राखिएको छ। अहिलेका कक्षा सात वा आठसम्म अध्ययन गर्ने विद्यार्थी जेन (जेनेरेसन) 'अल्फा' हुन् । सन् २०२५ र यसपछि जेन-बिटा उदायमान अवस्थामा छ । भविष्यवादी अल्भिन टोफ्लर भन्छन्, 'यस्तो द्रुत पुस्ता परिवर्तनले हामीलाई झट्का दिन्छ । किनभने, यति छोटो समयभित्र हुने पुस्तागत सामाजिक फेरबदलले हामीलाई यसको गतिशीलताको प्रवाह अनुभव गर्न पाउनुभन्दा पहिल्यै परिणाम ल्याउँछ । हेर्दाहेर्दै हामी चकित हुन्छौं । विश्वव्यापी रूपमा भएको जेन-जीको उदेक पार्ने आन्दोलनलाई उपर्युक्त समाजशास्त्रीय नियमहरूले पुष्टि गर्छन् । म यसलाई विरोध मात्र नभई पुस्तागत परिवर्तनका रूपमा लिन्छु। यसले हाम्रा सामाजिक आयामहरूलाई नयाँ किसिमले परिभाषित गर्दैछन् र हाम्रो सन्दर्भमा सामाजिक स्वरूपलाई नयाँ दिशामा लग्दैछन् । जेन-जीले के खोज्छन् भन्ने त हालैको आन्दोलनले आभास भयो नै, तर वस्तुगत रूपमा ती कस्ता छन् भन्ने पनि थाहा पाऔं । ती सूचना प्रविधिमै हुर्के र त्यो उनीहरूको निर्माणात्मक वर्षकै (बाल्यकाल) भाग थिए। प्रविधिको उपयोग उनीहरूको जीवनको अंश बन्यो । उदाहरण, पोस्टर टाँसेर सडकमा आउने चलनलाई उनीहरूले 'डिस्कर्ड' ले विस्थापन गरे । भर्चुअल संसारबाट बनेको सम्पर्क, विचारका मन्थन र सहकार्यले उनीहरूको वास्तविक संसार निर्देशित भयो । उनीहरूको सिकाइको प्रमुख माध्यम इन्टरनेट हो । छिटो सिक्छन्, विचारमा मौलिकता राख्छन् । सामाजिक न्याय, उदारता, मानसिक स्वास्थ्यको सचेतना, समावेशीता, मानवता र स्वतन्त्र अभिव्यक्ति उनीहरूको प्रमुख मान्यताहरू मध्येका आउँछन् । साथै आफूलाई एक हदसम्म विश्व-नागरिकका रूपमा उनीहरू मान्छन् । उल्लिखित पृष्ठभूमिलाई अब म यो लेखसँग जोड्नेछु र शिक्षामा कस्ता परिवर्तन आवश्यक हुनेछन्, त्यसलाई अन्त्यमा समेट्ने छु । आशा छ पुस्तान्तरलाई हामीले सहज रूपमा लिन सक्नेछौं र उनीहरूलाई बुझेर तिनको भविष्य सुनिश्चित गर्नेछौं। समय-चक्रले मागेका अनुकूलता आत्मसात गर्न सक्नेछौं । अहिलेका अधिकांश स्कुले विद्यार्थी जेन-जीभन्दा फरक छन् । किनभने, जेन-अल्फा फरक पुस्ता हुन् । यिनीहरूको निर्माणात्मक वर्षका अनुभव जेन-जीको भन्दा फरक छ । मिलेनियल (जेन-जीभन्दा अगाडिका) वा जेन-जी यिनीहरूका अभिभावक हुन् । तसर्थ अभिभावकत्व पनि फरक छ । विकसित प्रविधिसँगै जेन-अल्फाको समग्र भोगाइमा भिन्नता छ । बुझौं, जेन-अल्फा कस्ता छन् । एआई प्रविधिमा जन्मेको यो पुस्ताले इन्टरनेट र सामाजिक सञ्जाल सँगसँगै सूचना प्रविधिसँग गहिरो जीवन सम्बन्ध गाँस्छ । उदाहरणका लागि, 'बुमर' पुस्तालाई टिभी विश्व चियाउने झ्याल भए जस्तै यो पुस्ताको एआई वैचारिक साथी हो । यिनीहरूले बोलेरै एलेक्सा वा जिपिटीमा अरूसँग भन्दा पहिले गृहकार्यको सहयोग प्रविधिसँग माग्छन् । तथ्य जाँच्छन् । आफ्जेन-अल्फालाई कस्तो शिक्षा विचारसँगै अन्यका विचारलाई प्रविधिको मद्दतले पर्गेल्छन् । यिनीहरूलाई बुमरको बेला जस्तो कथा बनाएर सजिलै ढाँट्न सकिने वा जबरजस्त अनुशासनको घेराभित्र राख्न सकिने छैन । यस बाहेक पनि परम्परागत सञ्चार माध्यमका शैली वा झुट समाचारहरूले पनि यिनीहरूलाई झुक्क्याउन सक्ने छैनन् । पहिला छिमेकमा बालबालिका भेला भएर खेल्दै सामाजिकीकरण गर्थे । तर जेन-अल्फा प्रविधिको मद्दतमा साथीसंगाती भेट्छन् । अन्तर्क्रिया पनि प्रविधिकै माध्यमले गर्छन् । संसारको कुनै कुनाको नचिनेको साथीसँग खेल खेल्छन् । सूचना आदानप्रदान गर्छन ्। साथी बन्छन् । भौतिक रूपमा नहोला तर साइबर संसारमा ती परिचित बन्छन् । प्रविधिले संसार नै उनीहरूको साथी हुने र समयक्रममा राष्ट्रवाद कमजोर हुने पक्का छ । जेन-अल्फाले पठन संस्कृतिलाई पनि फरक ढंगले लिन्छन् । मानौं, जेन-एक्स र मिलेनियलहरू पुस्तक पूरै पढ्थे। जेन-जी स्क्रलिङ गर्थे। जेन-अल्फा ट्यापिङ गर्दै, प्रश्न गर्दै पुस्तकहरूको अन्तर खोतल्छन् र सबै ज्ञान पाउँछन् । थोरै समयमा धेरै पढ्न सक्छन् । आफ्ना परिकल्पना एआईसँग चित्रमा कोर्छन्। संगीत सिर्जना गर्छन् । आफ्नै सोचाइलाई एआईको मद्दतले आलोचनात्मक ढंगले पनि हेर्छन् । स्मरण रहोस्, एआईले विद्यार्थीलाई बोधो बनाउँदैन, बरू ज्ञानको खोजलाई तीव्रता दिन्छ । परिस्कृत बनाउँछ । अनेक उपायहरू सुझाउँछ । यसैले नै यसको सही प्रयोग बताउँछ, जेन-अल्फाले त्यो बुझ्छन् । प्रविधिले उनीहरूलाई नयाँ शिराबाट झन् सिर्जनशील बनाउनेतर्फ हामी सकारात्मक हुन आवश्यक छ । समस्या आएमा कुनै प्रविधिका दुरूपयोग नीतिमार्फत् पनि नियन्त्रण गर्न सकिन्छ । तर सूचना प्रविधिको ढोका बन्द गरिन हुँदैन । तर थाहा पाउनुपर्ने तथ्य छ – जेन-अल्फा प्रविधिको दबाबमा यसैमा मात्र भरपर्ने, वास्तविक संसारबाट कम परिचित हुने जस्ता पक्षमा कमजोर बन्न सक्छन् । यो समयले नै देखाउने छ ! साधारणतया बालिकाहरूको भावनात्मक विकास बालकहरूको भन्दा छिटो देखिन्छ । प्रविधिको विकास र यसको प्रयोगले जेन-अल्फाका बालबालिकाको भावनात्मक विकासलाई समान बनाएको केही अनुसन्धानहरूले दाबी गरेका छन् । यसले सहपाठीहरूसँगको लिंगीय गतिशीलता र अन्तर्क्रिया फरक पार्नेछ । अध्येता रबर्ट पुटनम चेतावनी दिन्छन् – प्रविधिको प्रयोगले स्थानीय सामाजिक संसाधनलाई जेन-अल्फाले डिजिटल सामाजिक संसाधनका रूपमा लिनेछन् र त्यसैबाट सामाजिक मान्यताहरूलाई परिवर्तन गर्नेछन् । अर्थात्, सामाजिक रूपमा उनीहरू अघिल्लो पुस्ता जस्तो व्यक्तिगत तहमा गहिरो घुलमिल नभई एकल र स्वतन्त्र बन्नेछन् । समाजलाई डिजिटल संसारले निर्देशित गर्नेछ । भविष्यवादी अध्ययन भन्छ – पछिल्ला वर्षका जेन-अल्फाहरूले (अबको १५ देखि २० वर्षमा, जुन बेला अधिकांश जेन-बिटा विद्यालयमा हुनेछन्द्र परम्परागत सामाजिक रेखीय बनावटलाई डिजिटाइज्ड गर्दै यो प्रक्रियालाई विश्वव्यापी बनाउनेछन् । सामाजिक र मान्यताका विरोधाभासले उनीहरूमा थप दबाब ल्याउनेछ । विद्यालयमा पठनपाठनका शैली आमूल परिवर्तन हुनेछन् । पारिवारिक संरचना र मान्यतामा फरक ल्याउनेछ र व्यक्तिवाद जीवनशैलीमा हावी हुनेछ । समाजशास्त्रीहरू भन्छन् – तर हामीले झट्ट हेर्दा यसले भयावह स्थिति आउने परिकल्पना गर्नुको साटो, यी परिवर्तनभित्रै अनुकूलताको खोज हुनेछ र तिनै सामाजिक सम्बन्ध र मानव सभ्यताका आधार बन्नेछन् । एआई अलगोरिदम विकासले सन् २०४५-५० को आसपास प्रविधिक एकविन्दु (टेक्नोलोजिकल सिंगुलारिटी) को कोशेढुंगा पार गर्ने सम्भावनाको प्रक्षेपण गरिएको छ । यो एआई प्रविधिको यस्तो अवस्था हो जसमा मानव बिना स्वयं एआईले सम्पूर्ण जिम्मेवारी लिन सक्छ । जेन-अल्फा र जेन-बिटा वयस्क बन्दा प्रविधिको यही संक्रमणकालीन अवस्थामा पर्न सक्छन् । यो सबै हेर्दा, भविष्यका पुस्ताले हालको मानव जीवनलाई सामाजिक र प्राविधिक पक्षबाट धेरै फरक पाउनेछन् । यसका पक्ष-विपक्षमा बहस र तर्क चलिरहेका छन्। अनिश्चितताले निम्त्याएको त्रास र सूचना प्रविधि विकासको उत्कर्ष दुवै चाखलाग्दा छन् । अब लेखको अन्तिममा परिवर्तनशील पुस्ताका लागि शिक्षाको कस्तो केन्द्रमा के हुँदा ठीक हुन सक्छ भन्ने चर्चा गर्छु । भविष्यवादी शिक्षाशास्त्री क्याथी डेभिडसन शिक्षा, सामाजिक विकास र तदनुरूप पुस्तागत तयारी हुनुपर्नेमा बहस गर्छिन् । उनी भन्छिन् – शिक्षालाई सामाजिक परिवर्तनको गतिसँगै अद्यावधिक गर्नुपर्छ। अन्यथा विद्यार्थीहरू नयाँ समाजका लागि योग्य हुन सक्दैनन् ।जेन-अल्फाले सहनुपर्ने दबाबहरू उनको दस्तावेजमा उल्लेख छन् । यसमा मुख्यत: भविष्यको अनिश्चितता, सूचनाको अत्यधिक भार, स्वचालन (अटोमेसन) र डिजिटल जीवन, नैतिक प्रश्न र जटिलता, र ज्ञानको तीव्र वृद्धि पर्छन्। प्रविधिको द्रुत विकासले निम्त्याउने अनिश्चितताका लागि विद्यालय र विद्यार्थी सजग हुनुपर्ने उनी बताउँछन् । उनको अध्ययनले भन्छ – विद्यार्थीलाई ज्ञानको अवधारणा बुझाइमा मात्र सीमित नगरी आवश्यक ज्ञान आफैले खोज्ने सीप विकास गराउनमा प्राथमिकता दिन आवश्यक छ । त्यस्तै विद्यार्थीहरूले समाजलाई स्थायित्व दिन नैतिक आधारमा निर्णय गर्ने क्षमताको विकास गर्नुपर्ने अध्येता हरारी बताउँछन् । यसले भविष्यमा हावी हुने व्यक्तिवादका प्रभाव न्यूनीकरण गर्छ । त्यस्तै प्रतिस्पर्धालाई सहकार्यमा प्रतिस्थापन गर्ने, सामाजिक-भावनात्मक विकासलाई प्राथमिकता दिने र मौलिक चिन्तनलाई शिक्षाको केन्द्रमा राख्नुपर्ने उनी बताउँछन् । विद्यालय, प्राचार्य र शिक्षकहरूले आफूलाई अद्यावधिक गर्न अत्यावश्यक भइसकेको छ । सूचना प्रविधिको भरपूर उपयोग गर्दै शिक्षाको केन्द्रमा मानव मूल्यलाई पहिलो र ज्ञान आर्जनलाई दोस्रो प्राथमिकतामा राख्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । किनभने, शिक्षण-सिकाइको प्रक्रिया प्रविधिले क्रमश: विस्थापन गर्नेछ । बाँकी रहने मूल मानव र समाज मात्र हो र त्यो नै मानव सभ्यताको अपरिहार्य आधार हो ।

*-सेतोपाटी डटकम*

# सुनको मूल्य बढेको बढ्यै



**पाल्पा,** असोज २६/सुनको मूल्य निरन्तर बढेको छ । आइतबार पनि सुनको मूल्य नयाँ रेकर्ड बनाएको छ । गत शुक्रबारको तुलनामा आइतबार सुनको मूल्य तीन हजारले बढेको छ भने चाँदीको मूल्य पनि रु ४० ले वृद्धि भएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार शुक्रबार दुई लाख ३५ हजारमा कारोबार भएको एक तोला सुनको मोल आइतबार रु तीन हजारले बढेर दुई लाख ३८ हजार कायम भएको हो । सोही दिन एक तोला चाँदी तीन हजार ८५ मा खरिदविक्री भएकामा त्यति नै परिमाणको चाँदी तीन हजार १२५ मा किनबेच भइरहेको छ । अन्तरराष्ट्रिय बजारमा आइतबार एक औँस सुन चार हजार १६ अमेरिकी डलरमा कारोबार भइरहेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । सुनको मूल्यले दिनदिनै रेकर्ड बनाएपछि सर्वसाधारणले सुनमा लगानी बढाउन थालेका छन् । सुनको गहना बिक्री नभएपनि सिक्का, बेरुवा औँठी, बेरुवा बाला, साधारण चेनको माग भने अत्याधिक बढेको व्यवसायीहरू बताउँछन् । अन्य क्षेत्रमा लगानीको वातावरण सहज नहुँदा सर्वसाधारणहरू सुनमा लगानी गर्न खोजेको गहना व्यवसायीहरूको भनाइ छ । तिहार नजिकिएपछि सुनको माग बढ्छ नै । सर्वसाधारणले आफ्नो क्षमता अनुसार सुनका गहना किन्छन् । पछिल्लो समय मूल्य अस्वाभाविक रूपमा बढेको छ । महासंघको तथ्यांक अनुसार दसैंको सार्वजनिक बिदापछि बजार खुल्दा सुनको भाउ तोलामै ७ हजार ४ सय रुपैयाँ बढेर २ लाख ३० हजार ६ सय रुपैयाँ कायम भएको थियो । त्यसपछि मूल्य निरन्तर बढीरहेको छ । बजारभाउ अझै बढ्ने आकलन गरिएको छ । जसले गर्दा सर्वसाधारणहरू गहना भन्दा ढिक्कामा आकर्षित भएको व्यवसायीहरू बताउँछन् ।

# अवैध लागूऔषध सहित २४ जना पक्राउ



**पाल्पा,** असोज २६/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित २४ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सुनसरी, दैलेख, झापा, उदयपुर,रौतहट, सिराहा, मोरङ, संखुवासभा र दाङबाट अवैध लागूऔषध सहित २४ जनालाई प्रहरी पक्राउ गरेको हो ।

सुनसरीको धरान उपमहानगरपालिका-२० बाट २ जनालाई लागूऔषध ट्रामाडोल २ हजार ७ सय ट्याब्लेट र डाइक्लोमाइन २ हजार ५ सय १० ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-८ गुम्बा लाईन बस्ने १९ वर्षीय नलन तामाङ र २१ वर्षीय प्रकाश लिम्बु रहेका छन् । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले को.२८ प २४१० नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै दाङको घोराही उपमहानगरपालिका-१२ हापुरबाट लागूऔषध ट्रामाडोल ४ सय ट्याब्लेट सहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा तुलसीपुर उपमहानगरपालिका- ७ पर्सेनी बस्ने २४ वर्षीय पियुस जिसी र सोही उपमहानगरपालिका-६ बस्ने २० वर्षीय एलिक्स केसी रहेका छन् । यस्तै संखुवासभाको मकालु गाउँपालिका-५ नुमबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब २८ ग्राम र डिजिटल तराजु १ थान सहित भोटखोला गाउँपालिका-४ बस्ने २८ वर्षीय सुरेश तामाङलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-१० दाजुभाइ चोकबाट लागूऔषध डिकोलिक २ सय २० ट्याब्लेट र स्पास्मो ५० ट्याब्लेट सहित सोही नगरपालिका-९ बस्ने २२ वर्षीय निश्चल चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै मोरङको सुन्दरहरैँचा नगरपालिका-१० त्रिवेणी चोक बस्ने एलिस भन्ने प्रेम खड्कालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ९० मिलिग्राम, नियन्त्रित लागूऔषध ट्रामाडोल ३ सय ४९ ट्याब्लेट र डिकोलिक ५ सय ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । यस्तै सिराहाको गोलबजार नगरपालिका-६ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १५ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-७ पुरानो चोहर्वा बस्ने २९ वर्षीय सुनिल साह र धनगढीमाई नगरपालिका-७ फुलकाहाकट्टी बस्ने २४ वर्षीय बिष्णु देव यादव रहेका छन् । उता रौतहटको गुजरा नगरपालिका-२ कटानी टोलबाट पनि अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ९ ग्राम ३ मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१२ बौद्ध बस्ने २० वर्षीय कोमन गुरूङ र सिन्धुली मरिण गाउँपालिका-५ बस्ने २१ वर्षीय मनिष घलान रहेका छन् । यस्तै उदयपुरको, कटारी नगरपालिका-३ कान्छीबजारबाट नियन्त्रित लागूऔषध स्पास्मो १४ ट्याब्लेट सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-५ बस्ने २२ वर्षीय रत्नलाल गिरी, सोही नगरपालिका-३ बस्ने २७ वर्षीय विजय तामाङ र २० वर्षीय अर्जुन तामाङ रहेका छन् । यस्तै झापाको दमक नगरपालिका-३ स्थित वेलडाँगी भुटानी शरणार्थी शिविर सेक्टर ए३, हट नम्बर ३५३ बस्ने साजन थापा समेत ८ जनालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम ८ सय मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले साजनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी आठै जनालाई पक्राउ गरेको हो । यस्तै दैलेखको डुङ्गेश्वर गाउँपालिका-१ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ९० मिलिग्राम सहित नारायण नगरपालिका-७ बस्ने १९ वर्षीय उदय बहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय दैलेख र प्रहरी चौकी चुप्राबाट खटिएको प्रहरीले सुर्खेतबाट दैलेख बजारतर्फ आउँदै गरेको बा. प्र ०१-०३२ ज ७५८८ नम्बरको ईभी गाडीमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

### बङ्गलादेशलाई अफगानिस्तानले हरायो



**काठमाडौं**, असोज २६/ बङ्गलादेशसँगको एकदिवसीय शृङ्खला अफगानिस्तानले जितेको छ । तीन खेलको शृङ्खला अफगानिस्तानले एक खेल अगावै जितेको हो । यसअघि भएको पहिलो खेल पनि अफगानिस्तानले पाँच विकेटले जितेको थियो । गएराति भएको शृङ्खलाको दोश्रो खेलमा अफगानिस्तानले बङ्गलादेशलाई ८१ रनले हरायो । अफगानिस्तानले दिएको एक सय ९१ रनको लक्ष्य पछ्याएको बङ्गलादेश २८ ओभर तीन बलमा एक सय नौ रनमा अलआउट भयो । बङ्गलादेशका तौहिद हरिदीले २४ र सेफ हसनले २२ रन बनाए । अफगानिस्तानका रशिद खानले पाँच विकेट लिए । यस्तै अजमातुल्लाह उमरजाईले तीन र नङ्गेलिया खरोटेले एक विकेट लिए । त्यसअघि अबुधाबीमा टस जितेर ब्याटिङ गरेको अफगानिस्तान ४४ ओभर पाँच बलमा एक सय ९० रनमा अलआउट भएको थियो। अफगानिस्तानका इब्राहिम जाड्रानले ९५ रन बनाये । बङ्गलादेशका मेहदी हसन मिराजले तीन, तन्जिम हसन साकिब र रिशाद हुसेनले दुई तथा तनवीर इस्लामले एक विकेट लिए । तीन खेलको एकदिवसीय शङ्खलाको तेश्रो तथा अन्तिम खेल पर्सि मङ्गलवार हुनेछ । यी दुई टोलले तीन खेलको टी-२० शृङ्खला पनि खेलेका थिए । टी-२० शृङ्खलामा बङ्गलादेशले अफगानिस्तानलाई क्लीन स्वीप गरेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### दसैंमा ५६ अर्बको नोट सटही



**पाल्पा,** असोज २६/यस वर्षको दसैंमा करिब ५६ अर्ब रुपैयाँको नयाँ तथा सुक्लिा नोट सटही भएको छ । राष्ट्र बैंकबाट सिधै, बैंक तथा वित्तीय संस्थामार्फत सर्वसाधारणलाई दिइएको सटही र बैंक तथा वित्तीय संस्थाले लिएको रकम जोड्दा दसैंको समयमा मात्र ५६ अर्बको नोट सटही भएको राष्ट्र बैंकले जनाएको छ ।

दसैंका लागि राष्ट्र बैंकले भदौ २९ देखि असोज १० गतेसम्मका लागि सुकिला नोट वितरण गरेको थियो । सो अवधिमा राष्ट्र बैंकको केन्द्रीय र क्षेत्रीय कार्यालयहरूबाट सिधै सर्वसाधारणलाई पाँच देखि १ सय रुपैयाँसम्मका नोट करिब डेढ अर्ब रुपैयाँ सटही भएको छ । बैंक तथा वित्तीय संस्थाबाट करिब साढे ४ अर्ब सटही भएको छ । यसरी सोही अवधिमा राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाबाट गरेर करिब ६ अर्ब रुपैयाँ सुकिला नोट सटही भएको छ । सोही अवधिमा राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई करिब ५० अर्ब रुपैयाँ बाहिरिएको छ । यससँगै चलनचल्तिमा रहेको मुद्रा पनि बढेर ८ खर्ब नाघिसकेको राष्ट्र बैंकले जनाएको छ । यसअघि करिब साढे ७ खर्ब रहेको चलनचल्तिको मुद्रा बढेर ८ खर्बभन्दा बढी पुगेको हो । नेपालमा पैसा छाप्ने त्यसको संरक्षण र व्यवस्थापन गर्ने काम राष्ट्र बैंकको हो । राष्ट्र बैंकले सबै अवस्था आकलन गरेर धेरै नोट छापेको हुन्छ । तर, छापिएका सबै नोट एकै पटक बजारमा पठाइँदैन । देशको अर्थतन्त्रको आकार, आर्थिक गतिविधिलगातय पक्ष हेरेर राष्ट्र बैंकले बजारमा कति पैसा आवश्यक छ त्यो मूल्यांकन गर्छ । र सोहीअनुसार आवश्यक रकम मात्र बैंक तथा वित्तीय संस्थामार्फत बजारमा पठाउँछ । यसरी बजारमा पठाइएका मुद्रालाई चलनचल्तीको मुद्रा भनिन्छ । राष्ट्र बैंकले हरेक वर्ष दसैं, तिहार, छठलगायत चाडमा मात्र नभई मागअनुसार सर्वसाधारणलाई नयाा नोट वितरण गर्दै आएको छ ।

## 'निजी क्षेत्रको...

...कार्यक्रममा राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरे, संविधान सभा सदस्य नारायणी शर्मा, पूर्व उद्योगमन्त्री सोम प्रसाद पाण्डे, प्रदेशसभा सदस्य विर बहादुर राना, पुर्व सांसद यादव बहादुर रायमाझी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य मोहन प्रसाद श्रेष्ठ, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, नेपाली कांग्रेस पाल्पाका उपसभापती झपेन्द्र गहिरे, नेकपा एमालेका उपाध्यक्ष विमल काफ्ले, नेकपा माओवादी केन्द्रका इन्चार्ज नेत्र पाण्डे, राष्ट्रिय स्वतन्त्रपार्टीका कार्यवाहक अध्यक्ष सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, नेकपा एकिकृत समाजवादीका अध्यक्ष अशोक कुमार शाही, राष्ट्रिय जनमोर्चाकी सह-सचिव नर्मती सिंजाली, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ, पाल्पा व्यापार संघका महासचिव तुलबहादुर अधिकारी लगायतले साधारण सभाको सफलताको कामना गर्दै पाल्पालाई चलायमान बनाउन नयाँ किसिमका उद्योग व्यापार व्यवसाय सञ्चालन गर्नुपर्ने, पर्यटन क्षेत्र केन्द्रित व्यवसाय तथा पुर्वाधारका कामहरु बढाउनु पर्ने विषयमा जोड दिएका थिए । संघका अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षतामा भएको साधारणसभाको सञ्चालन महासचिव समिरमान सिंहले गरेका थिए । १७ औ अधिवेशनबाट संघमा नयाँ नेतृत्व चयन हुने छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई